# हिमाली सुस्केरा

राष्ट्रिय साप्ताहिक

वर्ष : २४, अङ्क : ४९, २०८३ भदौ ७ गते आइतवार ( 23 Aug. 2026 ) मूल्य रु. ३०।-




सम्माननिय प्रधानमन्त्री बालेन्द्र शाह मुक्तिनाथ दर्शनका लागि जोमसोममा ।

## नागरिक सन्तुष्टि अभिवृद्धि गर्न कार्ययोजना जारी

सुस्केरा समाचारदाता

डोल्पा, भदौ । सरकारले सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र पारदर्शी बनाई एक महिनाभित्र नागरिकको सन्तुष्टि अभिवृद्धि गर्न 'सार्वजनिक सेवा तत्काल सुधार कार्ययोजना, २०८३' ल्याएको छ । यसले एक महिनाभित्र नागरिकमा सेवा प्रतिको सन्तुष्टि बढाउने लक्ष्य राखेको जनाइएको छ ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले स्वीकृत गरेको कार्ययोजनालाई देशभरका सबै मन्त्रालय, सचिवालय, विभाग, प्रदेश र स्था नीय तहसम्म तत्काल कार्यान्वयन गर्न गएको शुक्रबार पत्राचार भएको उक्त पत्र जिल्ला र स्थानीय तहहरुमा प्राप्त भएको डोल्पाका स्थानीय तहहरुले जनाएका छन् ।

कार्ययोजना अनुसार सरकारले अतिरिक्त बजेट वा ठुला भौतिक संरचना निर्माणबिना नै हाल उपलब्ध जनशक्ति, कार्यशैली र सूचना प्रणालीलाई पुनः व्यवस्थित गरी आगामी ३० दिनभित्र सुधारको परिणाम नागरिक माझ पु-याउने लक्ष्य राखेको छ ।

यसका लागि पहिलो तीन दिनभित्र सरकारी कार्यालयहरूले मुख्य १० वटा सेवा समस्याका साथै भिड हुने समय र दोहोरिने कागजातको पहिचान, समाधानका लागि जिम्मेवारी निर्धारण र पुराना सूचना बोर्ड प्रतिस्थापनको काम गर्नुपर्ने छ ।

....... .. .पेज नं. ८ मा

## संघीयता कमजोर बनाउने खेल

सुस्केरा समाचारदाता

डोल्पा, भदौ । विधायक तथा कानुनविज्ञहरूले संविधान संशोधनका नाममा संघीयताको अधिकार कटौती गर्न नहुने भन्दै तीन तहका सरकारबीच समन्वय र अधिकारको पूर्ण कार्यान्वयन आवश्यक रहेको बताएका छन् ।

उनीहरूले संघ र प्रदेशले अधिकार हस्तान्तरण गर्न नमान्दा प्रदेश तथा स्थानीय तहको काम प्रभावित भएको उल्लेख गर्दै संशोधनअघि संघीयताको व्यवहारिक कार्यान्वयन र सवैधानिक व्यवस्थाको समीक्षा गर्नुपर्ने धारणा राखेका छन् ।

विधायक तथा कानुनविज्ञहरूले संशोधनको नाममा संविधानलाई जथाभावी परिवर्तन गरे संघीय प्रणाली नै नरहने धारणा व्यक्त गरेका छन् । काठमाडौंमा शुक्रबार आयोजित संघीयताः संविधान संशोधन र कार्यविस्तृतीकरणसम्बन्धी छलफलमा सहभागी विधायक तथा कानुनविज्ञहरूले तीन तहको सरकार

....... .. .पेज नं. ८ मा

## डोल्पाको सुशासन अभावै अभाव

सुस्केरा समाचारदाता

डोल्पा, भदौं । डोल्पाको अर्को पर्याय नाम यतिबेला अभावै अभाव बन्न थालेको सर्वसाधारणहरु बताउन थालेका छन् ।

यति बेला कुन कुराको अभाव तथा समस्या भन्ने एउटा भए पो ? यो अभाव, उ अभाव, त्यो अभाव सबै तिर अभावै अभावले स्थानीय सर्वसाधारणहरुले बताउने गर्नु भएको छ ।

विधुतका विषयमा छलफल गर्ने क्रममा विधुतको कुरा गर्दा विधुतका के कुरा गर्नु खै विधुत आएको थाहा नपाउदै गैसक्या हुन्छ । दिनको २४ घण्टामा मुस्किलले ६ घण्टा बत्ति आउने अनि १८ घण्टा बत्ति जाने गरेको कतिपय दिनमा त दिनमा २, ४ घण्टा मात्र बत्ति आउछ की जस्तो

....... .. .पेज नं. ८ मा

## डोल्पाका धेरै गाउँ सञ्चार विहिन

सुस्केरा समाचारदाता

डोल्पा, भदौं । डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकाका तीन वडाका ९ वटा गाउँ बस्ती र तल्लो डोल्पाका विभिन्न गाउँबस्तिहरु करिब एक महिनादेखि सञ्चार सेवाबाट लगभग पूर्ण रूपमा वञ्चित भएका छन् ।

मुड्केचुला गाउँपालिकाका प्रायः सबै गाउँबस्तिहरु तथा वडा नं. १ देखि वडा नं. ९ होर्तसम्मका गाउँबस्तिहरु एक महिना अघिदेखि नै सञ्चार सम्पर्कबाट बिच्छेद जस्तै बनेका छन् ।

त्यसै गरी त्रिपुरासुन्दरी-५ को गैरा भन्ने ठाउँमा रहेको नेपाल टेलिकमको टावर सञ्चालनमा नआउँदा नगरपालिकाको वडा नम्बर ५ र ६ का सयौं नागरिक सामान्य फोन गर्नसमेत अग्ला डाँडाकाँडा र जंगलतिर पुग्न बाध्य भएका छन् । टावर अवरुद्ध हुदा वडा नं. ५ र ६ का ल्हाँ, फुल्विङ, खदाङ, करबगाड, सिरिबेन्डे, पालङग,

....... .. .पेज नं. ८ मा

## पार्टी बलियो बनाउन एक हुनुपर्छ

सुस्केरा समाचारदाता

भक्तपुर, भदौ । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले शनिबार भक्तपुरको नगरकोटमा नेकपा (एमाले) जनसङ्गठन समन्वय संयन्त्रले आयोजना गरेको दुईदिने 'जनसङ्गठन समन्वय संयन्त्र कार्यशाला' उद्घाटन गर्नुभएको छ ।

चाँगुनारायण नगरपालिका-८ चरेलीस्थित रिसोर्टमा आयोजना गरेको कार्यशालाको उद्घाटन गर्दै उहाँले एमाले कमजोर भए देश कमजोर हुने बताउनुभयो । अध्यक्ष ओलीले देश सङ्कटमा गुज्रिदै गएको अवस्थामा पार्टीलाई बलियो बनाएर अगाडि जान सकेमात्रै देश बलियो हुने बताउँदै पार्टी कमजोर बनाउन खोज्ने तत्वहरूले यस्ता कुरालाई बुझ्नुपने बताउनुभयो ।

व्यक्तिगत स्वार्थ र दोषारोपणबाट माथि उठेर पार्टी र देशको हितका लागि सोच्नुपर्ने बेला आएको बताउँदै पार्टीलाई बलियो बनाउन जनसङ्गठन एक भएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।

देश र जनताको हितमा सरकार लाग्नुपने औंल्याउदै उहाँले प्रतिपक्षले खबरदारी गरिरहने बताउनुभयो । दुईदिने

....... .. .**पेज नं. ८ मा**

## त्रिपुराकोटमा महायज्ञको तयारी तिब्र, उपसमिति गठन

विष्णुप्रसाद देवकोटा

डोल्पा, भदौ । डोल्पाको प्रमुख धार्मिक तथा पर्यटकीयस्थल बाला त्रिपुरा सुन्दरी भगवती मन्दिरमा आयोजना हुन लागेको श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञलाई भव्य र व्यवस्थित बनाउन १२ वटा विषयगत उपसमिति गठन गरिएको छ ।

त्रिपुरासुन्दरी नगरपालिका-१ त्रिपुराकोटस्थित मन्दिर परिसरमा भाद्र १५ देखि २२ गतेसम्म सञ्चालन हुने महायज्ञको तयारीस्वरूप महायज्ञ सञ्चालक समितिका संयोजक लक्ष्मीकान्त उपाध्यायको अध्यक्षतामा आइतबार बसेको बैठकले उपसमितिहरू गठन गरेको हो। महायज्ञको व्यवस्थापनका लागि छुट्टै सचिवालयसमेत स्थापना गरिएको छ। महायज्ञलाई धार्मिक अनुष्ठानमा मात्र सीमित नराखी मन्दिरको भौतिक पूर्वाधार विकास, सर्वाङ्गीण विकास तथा धार्मिक पर्यटन प्रवर्द्धनको अभियानका रूपमा अघि बढाउने आयोजकको तयारी छ ।

महायज्ञको आर्थिक व्यवस्थापन, प्रचार-प्रसार, स्वयंसेवा, सांस्कृतिक कार्यक्रम, अनुगमन, अतिथि सत्कार, पूजाआजा, स्वास्थ्य, शान्ति कलश, दुना-टपरी तथा फूलमाला, खानेपानी-सरसफाइ र बाजागाजासम्मका काम लाई व्यवस्थित गर्न छुट्टाछुट्टै जिम्मेवारी सहित उपसमिति बनाइएको मन्दिर व्यवस्थापन समितिका कोषाध्यक्ष विष्णुप्रसाद न्यौपानेले जानकारी दिए ।

आर्थिक व्यवस्थापन उपसमितिको संयोजकमा टीकादत्त न्यौपाने, प्रचार-प्रसारमा वरिष्ठ पत्रकार विष्णुप्रसाद दे

....... .. .पेज नं. ८ मा

## नागरिक सन्तुष्टि ..........

चारदेखि सात दिनभित्र शीघ्र समाधानका उपाय कार्यान्वयन गर्दै सेवामा तत्काल देखिने गरी सुधार ल्याउनु पर्ने, टोकन प्रणाली व्यवस्थापन, १५ मिनेट दैनिक कामको समीक्षा र प्राथमिकताबारे छलफल गर्नुपर्ने तथा दोस्रो हप्ताभित्र तीन वटा प्रमुख सेवामा सरलीकरण भएको हुनुपर्ने छ । त्यसै गरी तेस्रो हप्तासम्म अनुगमन र जवाफदेहिता सुदृढ गर्ने, दैनिक पाँच सूचक मापन र पेन्डिङ फाइलहरूको समीक्षा तथा सुधार मापन गर्ने र चौथो हप्तासम्म सफल अभ्यासहरूको स्थायीकरण र विस्तार गर्नुपर्ने छ । यसबाट सरकारी कार्यालयमा औसत प्रतीक्षा समय, कागजातका कारण फर्किने सेवाग्राहीको सङ्ख्या र एउटै सेवा लिन धाइराख्नुपर्ने समस्या घटाउने सरकारको योजना छ ।

यस सुधार कार्ययोजनामार्फत विशेष गरी जिल्ला प्रशासन, यातायात कार्यालय, मालपोत, राहदानी विभाग, टेलिकम, परीक्षा नियन्त्रण कार्यालय, खानेपानी तथा सार्वजनिक यातायात जस्ता नागरिकको दैनिक भिड हुने मुख्य सेवा केन्द्रहरूमा तत्कालै सुधार अनुभूत हुने काम गर्न निर्देशन दिइएको छ । सेवाग्राही मुख्य काउन्टरमा पुग्नुअगावै प्रवेशद्वारमै कागजात पुगे/नपुगेको जाँच गरिने व्यवस्था मिलाउनुपर्ने छ ।

कार्यालयहरूमा खानेपानी, व्यवस्थित प्रतीक्षालय, सफा शौचालय, मोबाइल चार्जिङ स्थल र प्राथमिक उपचार किटको अनिवार्य व्यवस्था मिलाउनुका साथै प्रत्येक कार्यालयले दैनिक १५ मिनेट गुनासो र पेन्डिङ फाइलहरूको अनिवार्य समीक्षा गरी सेवा सुधारका पाटाहरू पहिल्याउनुपर्ने छ । कार्ययोजनाको ३० दिन पूरा भएपछि प्रत्येक कार्यालयले आफ्नो सुधारको विवरण, लागेको खर्च र नागरिक लाभ समेटेर एक- पृष्ठको 'सार्वजनिक परिणाम रिपोर्ट' अनिवार्य रूपमा सार्वजनिक गर्नुपर्ने छ ।

सफ्टवेयर विकास केन्द्र

सरकारले सफ्टवेयर विकास तथा सञ्चालन केन्द्र स्थापना गर्ने भएको छ । सरकारले डिजिटल पूर्वाधार र प्रणाली विकासलाई व्यवस्थित गर्न सफ्टवेयर विकास तथा सञ्चालन केन्द्र स्थापना गर्ने योजना अगाडि सारेको हो । केन्द्रको मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहने छ ।

## त्रिपुराकोटमा ....... ... ..

वकोटा,सदस्यहरूमा जयकृष्ण हमाल, टेकबहादुर शाही, सरोज थापा, पूर्ण सार्की, रामचन्द्र न्यौपाने र पूर्णप्रसाद हमाल रहेका छन् ।

सांस्कृतिक तथा नाचगानमा रविप्रसाद न्यौपाने र अनुगमन तथा मूल्यांकनमा तुलबहादुर बिष्टलाई जिम्मेवारी दिइएको अक्षय कोष समितिका कोषाध्यक्ष तथा उपसमिति संयोजक टिकादत्त न्यौपानेले जानकारी दिए ।

न्यौपानेका अनुसार अतिथि सत्कार तथा भण्डारणमा गीता खत्री, पूजाआजा तथा स्टल व्यवस्थापनमा मोतीप्रसाद उपाध्याय, स्वास्थ्य व्यवस्थापनमा तुलबहादुर नेवार, शान्ति कलश व्यवस्थापन तथा वितरणमा मोतीप्रसाद उपाध्याय, दुना-टपरी तथा फूलमाला व्यवस्थापनमा गोमादेवी उपाध्याय, खानेपानी तथा सरसफाइमा भक्तसिंह कठायत र बाजागाजा व्यवस्थापनमा रनवीर नेपाली संयोजक रहेका छन् ।

आयोजकका अनुसार उपसमितिहरूले महायज्ञ सुरु हुनुअघिको तयारीदेखि महायज्ञ सम्पन्न नभएसम्म आ-आफ्नो जिम्मेवारीअनुसार व्यवस्थापन सम्हाल्नेछन् ।

महायज्ञमा नेपालका ख्यातिप्राप्त युवा पण्डित ईश्वर रेग्मीबाट श्रीमद्भागवत कथा प्रवचन हुने आयोजकले जनाएको छ। राष्ट्रिय कलाकारहरूको सहभागितामा भजन-कीर्तन, झाँकी तथा नृत्यसमेत प्रस्तुत गरिनेछ । विश्वशान्तिको कामनासहित धनधान्याचल, पितृमोक्ष तथा शालग्राम पूजार्चनालगायत धार्मिक अनुष्ठान गरिने तयारी छ ।

## पार्टी बलियो ...... .......

कार्यशालाले पार्टी र देशलाई बलियो बनाउने सन्देश दिन उहाँले आग्रह गर्नुभयो । कार्यक्रममा अध्यक्ष ओलीले बागमती प्रदेशका नवनियुक्त मुख्यमन्त्री किरण थापा मगर र एमालेबाट शपथ लिएका दुई मन्त्रीलाई सम्मान गर्नुभयो । सो अवसरमा पार्टीका महासचिव शङ्कर पोखरेलले पार्टीलाई एकढिक्का बनाएर लैजान सबै लाग्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा संयोजक भानुभक्त ढकाल, एमाले सचिव महेश बस्नेत लगायत १५० जना नेताहरूको कार्यशालामा सहभागिता रहेको छ । कार्यशाला आइतबार सम्पन्न हुनेछ ।

## डोल्पाको सुशासन ....... ..

लाग्छ दुनैका एक स्थानीयले बताउनु भयो ।

यसै गरी डोल्पाको सदरमुकाम दुनैमै इन्टरनेटको अवस्था त्यति राम्रो छैन । नेटवर्क जाने आउने क्रमले हैरान पार्ने गरेको स्थानीयहरुको बुझाइ छ । डोल्पाका गाउँगाउँमा त के कुरा गर्ने, मुड्केचुला गाउँपालिकामा गएको ३ हप्तादेखि नै मोवाइल नेटकर्व बिग्रेको छ ।

डोल्पाका विभिन्न बजारमा खाना पकाउने एलपीजी ग्याँस अभाव भएको धेरै भैसकेको छ । ग्याँस जिल्लामा आयो भन्ने सुन्ने वित्तिकै उपभोक्ताहरुको लाइन लाग्न नपाउदै सकिइसक्ने गरेको स्थानीयहरुको दुखेसो रहेको छ । यस प्रकारले डोल्पामा धेरै उपभोग्य सामग्रीहरुको अभाव हुने गरेको छ । अभाव हुनुमा डिलरहरुलाई नेपालगञ्ज लगायतका शहरहरुमा नेपाल ग्यास उद्योग तथा नेपाल आयल निगमले डोल्पाका लागि ग्याँस, तेल उपलब्ध नहुनु हो भने, इन्टरनेट, विधुत, यातायात लगायतका समस्याहरु सम्वन्धित सरोकारवाला कार्यालयहरु तथा सरकारको लापरवाहीले सेवा उपलब्धतामा ढिलासुस्ति हुने गरेको बताउने गरिएको छ । यसमा स्थानीयहरु सचेत र संगठित भएर आवाज उठाउनु पर्ने अवस्था आइसकेको स्थानीयहरुले बताउन थालेका छन् ।

## डोल्पाका धेरै गाउँ .... .....

सिउरेनी, वडा नं. ४ मा पर्ने फोइर रंगका नागरिक मोवाइल फोन सेवाबाट बञ्चित भएका छन ।

त्रिपुरासुन्दरी-५ खदाङकी स्थानीय मिना सार्कीका अनुसार गाउँमा लामो समयदेखि टावर नचल्दा आफन्तसँग सम्पर्क गर्नेदेखि आवश्यक कामका लागि सूचना आदानप्रदानसम्मका काम प्रभावित भएका छन् ।

'गाउँमा लामो समयदेखि टावर छैन। खबर आदानप्रदान गर्न निकै समस्या भइरहेको छ। झण्डै एक महिना भयो, अहिलेसम्म किन बनेन भन्ने कुनै जानकारी छैन । अझै कति समय यसरी सम्पर्कविहीन बस्नुपर्ने हो, थाहा छैन' उनले भनिन् ।

स्थानीयका अनुसार नेटवर्क नहुँदा दैनिक जीवनका सामान्य कामसमेत प्रभावित भएका छन् । त्रिपुरासुन्दरी-५ की वडा सदस्य सम्झना झाँक्रीले टेलिफोन सेवा अवरुद्ध हुँदा स्थानीयले सास्ती खेप्नुपरेको बताउनु भयो ।

गाउँमै फोन नलाग्ने भएपछि स्थानीयहरू अग्ला डाँडाकाँडा र जंगलतर्फ पुगेर मात्रै फोन गर्न बाध्य भएको उनले बताइन्।सञ्चार सेवाको अभावले दैनिक कामकाज, आपतकालीन सूचना आदानप्रदान तथा प्रशासनिक सम्पर्क गर्न समस्या छ ।

## संघीयता कमजोर .....

को समन्वयबाट मात्रै संघीय प्रणाली बलियो हुने धारणा राखेका छन् ।

कार्यक्रममा बार एसोसियसनका पूर्वअध्यक्ष तथा वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले संघीयतालाई छाडेर संविधानलाई निरन्तरता दिन नसक्ने बताउनु भयो । उहाँले आर्थिक, प्राविधिक र राजनीतिक रुपमा विश्लेषण नगरी संघीयतालाई गलत ढंगले व्याख्या गर्न नहुने बताउनु भयो । संविधानसभाका सदस्यसमेत रहेका अधिकारीले केन्द्रीय सरकारमा गएकाहरूले नै अधिकार छाड्न नमान्दा प्रश्न उठेको बताउनु भयो ।

पूर्वमहान्यायाधिवक्ता तथा पूर्वकानुनमन्त्री अग्नि खरेलले समाजको मनोविज्ञान नबुझी संघीयताको आलोचना गर्दा समस्या आउने र संविधान संशोधनलाई हल्का रुपमा लिन नहुने बता उनु भयो । यस्तै अरुको पनि धारणा आएको छ ।

कर तिर्ने संस्कृतिको विकास गरौं

❖ कानुनबमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौं,
❖ प्रत्येक खरिद-बिक्रीमा अनिवार्य रूपमा बिल-बिजक लिऔं र दिऔं,
❖ कर छली तथा अवैध कारोबारलाई निरुत्साहित गरौं,
❖ डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं,
❖ करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं,
❖ पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं,
❖ करबाट संकलित राजस्व राष्ट्रको विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागि बनौं।

कर तिर्नु नागरिकको दायित्व र राष्ट्रप्रतिको योगदान हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाताः सन्देश बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# अभाव घटाइयोस

हाम्रो समाज हुँदा खाने समाज हो । समाजमा खाने कुराको अभाव हनु मात्रै अभाव होइन अभाव भनेको मानिसहरुलाई आवश्यक पर्ने कुनै पनि बस्तु सहज उपलब्ध नहुनु अभाव हो । त्यस कारण मानिसहरुले केही आशा गरेको हुँदैन । उसले आफूलाई आवश्यक पर्ने गास, बास र कपास पहिलो आवश्यकताका रुपमा लिने गर्दछ । त्यसैले सर्वसाधारणहरुले खाना, बस्न र लगाउनका लागि नै सबै संघर्ष गरेको अनुभव गरेको हुन्छ । यसका साथसाथै सरकारी सेवा सुविधा पनि समयमा, सहज रुपमा, सरल रुपमा र आफ्नो नजिकै लिन पाउनु नागरिकको अधिकार भित्र पर्दछ । यसका साथ साथै आधुनिक तथा सिर्जित आवश्यकताहरु पनि सहजै तथा सुलभ रुपमा पाउनु पर्ने नागरिकहरुको अधिकार नै हो । यस प्रकार जुन जुन सेवा, सुविधा, माल सामानहरु पाउन कठिन हुन्छ त्यो नै अभाव हो । अभावले मानिसहरुलाई चिन्तित बनाउने गर्दछ । किनकी परिवार तथा लालावालालाई खुवाउन, बसाउन, लगाउने लत्ताकपडाको प्रवन्ध गर्न सकिने नसकिने विश्लेषण गरेर मानिस त्यसको व्यवस्था गर्न तर्फ निकै चिन्तित हुने गर्दछ। आमा र बाबुले आफ्नो भन्दा आफ्ना सन्तान र आफ्ना बुढा बाबु आमाका लागि चिन्ता बढि गर्ने गर्दछ।

मानिसलाई जुन प्रकारले जे जसो प्रकारको आवश्यकता पर्दछ त्यो उपलब्धतामा असहज हुनु नै अभाव हो । खाने कुरा, खाना कपाउने कुरा, लगाउने कुरा, लगाउने कपडा किन्ने कुरा, बास बस्न घरगोठको प्रबन्ध देखि घर बाहिर जाँदा बास बस्न क्षमता अनुसार पाउने नपाउने कुरा, यसका साथ साथै आउजाउ गर्न यातायातको सुविधा असुविधा, खबर जान्न प्रयोग हुने संचारका सेवा सुविधाहरु सहज असहज उपब्धताको अवस्था, बत्ति पानी, ग्यास, तेल, मल लगायतका आवश्यक मालसामान विक्रि वितरण, नागरिकता, राहदानी, सिफारिस, विकास, सेवा निकास, लाइसेन्स लगायत वितरणमा सहज बनाउने लगायतका तमाम विषयहरुमा सरकारले गर्ने सहजिकरण सहज हुने कुराले नै अभाव हट्न सक्ने हुन्छ। यो अभाव हटाइयोस्।

यतिबेला नेपालका हरेक क्षेत्र मात्र हो र ? नेपालको राजधानी काठमाण्डौं भ्याली भित्र नै अभावले नागरिकहरुलाई पिरोली रहेको छ। सहज रुपमा इन्धन तथा तेल, खाना पकाउने ग्यास, विधुत लगायतका अति आवश्यकिय सामान तथा सेवा सुविधा उपलब्ध नहुनुले अभाव बनेको देखिन्छ। अझ भन्ने हो भने डोल्पा जस्ता नेपालका धेरै जिल्लाहरु अति पछि परेका पारिएका मध्ये पर्दछन् । यी जिल्लाहरुमा बसोबास गर्ने सर्वसाधारण नेपाली नागरिकहरुले कसरी आफ्नो अभावलाई टारेका होलान ? अनुमान गर्नै मुस्किल छ। किनकी डोल्पामा वितरण हुने खाना पकाउने ग्यास, यातायातमा प्रयोग हुने पेट्रोल लगायतका तेल, विधुत, फोन इन्टरनेट, यातायात लगायतका आवश्यकिय सुविधाहरु सहज उपलब्ध हुन नसक्ने अवस्था विकराल रहेको छ। यो जुन प्रकारको अभाव छ त्यसलाई हटाउनका लागि सम्बन्धित निकाय गम्भिर बनेको देखिदैन, कोही सर्वसाधारणले कुरा उठाए उसैलाई त्यो मालबस्तु नदिने वातावरण बनाउने समाज छ, यसलाई सुधार गर्नु पर्छ। जय होस्।

# तीन कविता

प्रकाशचन्द्र खतिवडा
रातोपाटीबाट

........ म दयाको कथा हाल्छु
ओ मृत्यु !
म तिमीसँग अन्तिम प्रश्न गर्छु
तिम्रो मृत्यु मान्छेहरूको जित हैन र ?

३. नानीहरूको सपना
म चाहन्छु
कुनै दिन तिमीलाई
प्रेमले अङ्गालो हाल्न सकूँ
मायाका रङहरू तैरी रहेछन्
तिम्रो मुस्कानको सामीप्य सँग-सँगै
म युद्ध भूमिमा छु
मैले जित्नु युद्ध
र सिउरनु छ मखमली फूल
तिम्रो चुल्ठो भित्र ।

आमाका टुटे फुटेका सपना
छोरा छोरीको अन्योल ग्रस्त भविष्य
तिम्रो अविचलित प्रेम
झलझली आँखामा उदाउँछन् जब
म भावुक बन्छु
अनि भुल्छु सैन्य कमान्डरको जिम्मेवारी
बिसाउँछु राइफल
नजिकै बम पड्कन्छ
युद्धले नमिठो पीडा दिएर गयो
यद्यपि मैले युद्ध लड्नु नै छ
बैरीलाई परास्त गरी
आमाको टुटे फुटेका सपना जोड्नलाई ।

म कमरेड आभास
मैले थाक्न मिल्दैन
गुमाउन हुँदैन धैर्यता
मेरो हातमा संसार नाचिरहेको छ
मेरो आँखामा भविष्य हाँसिरहेको छ
ओ प्रिय मान्छे !
लाल सलाम
म युद्ध भूमिमा नानीहरूको सपना बुनिरहेको छु ।

# कठैबरा । हरि हराएको हरि

सञ्जय खड्का
रातोपाटीबाट

सिंह छैन, सिंहदरबार किन ? 'अडिग छु' अरे !
अहङ्कारको यो कस्तो खूंखार अवतार ?
कसरी निस्किए ती निर्लज्ज शब्द मुखबाट,
जसले शहीदको रगतलाई पनि अपमान गऱ्यो !
सिंहदरबार जलायौ, लासमाथि पदको पगरी गुथ्यौ !
अब के इतिहास नै मेट्नुपऱ्यो ?

इतिहास नै मेट्न खोज्ने तिमी,
कस्ता कुपुत्र हौ यो पवित्र माटोका ?
कि आकाशबाट खसेको एलियन हौ ?
के खान्छौ, भात खान्छौ कि घाँस ?
कसको बैशाखी टेकेर विषालु बोली ओकल्दै छौ ?
कसको स्वार्थरुपी इसारामा नाच्दै छौ ?

देश जलेको खरानी अझै कम भयो र ?
शहीदको त्यो बलिदानी संख्या पुगेन र ?
कि अझै पुगेन संसदीय अंकगणितको संख्या ?
हरिहीन हरिज्यू ? हेक्का राख-
इतिहास बनाउन पठाएका हौं,
इतिहासको इतिश्री गर्न होइन । ............

खेलकुद

# विश्व हाप्किडोमा नेपाललाई स्वर्ण

सुस्केरा समाचारदाता

डोल्पा, भदौ । ११ औं विश्व हाप्किडो च्याम्पियनसिप-२०२६ प्रतियोगिताको फाइट ग्योरोगी विधामा नेपालका दीपक छन्त्यालले स्वर्ण र मेग्मा गुरुङले कांस्य पदक जितेका हुन् । मेग्माले गत संस्करणमा रजत जितेकी थिइन् ।

नेपाली खेलाडीद्वयले दक्षिण कोरियामा भएको ११ औं विश्व हाप्किडो च्याम्पियनसिप-२०२६ मा एक स्वर्ण र एक कांस्य पदक जितेका छन् ।

प्रतियोगिताको फाइट ग्योरोगी विधामा नेपालका दीपक छन्त्यालले स्वर्ण र मेग्मा गुरुङले कांस्य पदक जितेका हुन् । मेग्माले गत संस्करणमा रजत जितेकी थिइन् ।

दीपकले ८०-८४ केजी तौल समूहमा स्वर्ण पदक जित्दा तीन चरणमा सफलता पाए । पहिलो खेलमा जर्मन खेलाडीलाई हराएका उनले त्यसपछि सेमिफाइनलमा दक्षिण कोरियाका खेलाडीलाई पराजित गरेर फाइनल तय गरे । फाइनलमा दीपकले ब्राजिलका खेलाडीलाई पराजित गरी स्वर्ण जितेको नेपाल हाप्किडो संघका अध्यक्ष कालीबहादुर घर्ती मगरले जनाएका छन् ।

अन्तर्राष्ट्रिय हाप्किडोमा पाएको दुवै खेलाडीको सफलता नेपाली खेलकुदकै महत्वपूर्ण उपलब्धि रहेको अध्यक्ष घर्तीको दाबी थियो ।

नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले आयोजना गरेको बिपी स्मृति 'ग्रीन रन महिला रि-रन' प्रतियोगितामा पूर्णलक्ष्मी न्यौपाने विजेता हुनुभएको छ ।

# सुशासनमा साझा संकल्प

- श्यामप्रकाश मैनाली

सुशासन लोकतन्त्रको सौन्दर्य मात्र होइन, यसको आधारभूत पूर्वसर्त पनि हो । संविधान हुनु, निर्वाचन हुनु, संसद् चल्नु र सरकार गठन हुनुले मात्र लोकतन्त्र सफल भएको मानिँदैन । नागरिकले राज्यबाट निष्पक्ष न्याय, गुणस्तरीय सेवा, सुरक्षा, पारदर्शिता, जवाफदेहिता र विकासको अनुभूति गर्न सके मात्र लोकतन्त्रले वास्तविक अर्थमा सफलता प्राप्त गर्छ । त्यसैले सुशासन सरकार वा कर्मचारीतन्त्रको मात्र विषय होइन । राजनीतिक दल, न्यायपालिका, सञ्चार माध्यम, नागरिक समाज, सामाजिक अभियन्ता, निजी क्षेत्र र स्वयम् नागरिकसमेत यसको साझा जिम्मेवारीका पक्ष हुन् । विश्व बैङ्कले पनि यिनै विषयलाई सुशासनको आधार मानेको छ ।

नेपालमा सुशासनका लागि आवश्यक संवैधानिक तथा संस्थागत संरचना विद्यमान छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, संसद्को सार्वजनिक लेखा समिति, राष्ट्रिय सूचना आयोग, न्यायपालिका, सञ्चार माध्यम तथा नागरिक समाज जस्ता संस्थाले निगरानी र जवाफदेहिताको भूमिका निर्वाह गर्दै आएका छन् तर संरचना हुनु र त्यसको प्रभावकारी कार्यान्वयन हुनुबिच अझै ठुलो अन्तर छ । त्यसैले अबको मुख्य प्रश्न सुशासनका लागि संस्था कति छन् भन्ने होइन, ती संस्था कति सक्षम, निष्पक्ष, स्वतन्त्र र परिणाममुखी छन् भन्ने हो ।

सुशासनका जिम्मेवार पक्ष

सुशासनको पहिलो र प्रमुख जिम्मेवारी सरकारकै हुन्छ । सरकार नीति निर्माण गर्ने, बजेट विनियोजन गर्ने, प्रशासन सञ्चालन गर्ने र सार्वजनिक स्रोत परिचालन गर्ने सर्वोच्च कार्यकारी निकाय भएकाले यसको राजनीतिक संस्कार र कार्यशैलीले समग्र शासनप्रणालीको चरित्र निर्धारण गर्छ । सरकारले सर्वप्रथम कानुनको शासनलाई व्यवहारमा स्थापित गर्नु पर्छ । सत्तामा रहेका व्यक्ति र सामान्य नागरिकका लागि कानुनको मापदण्ड फरक हुनु हुँदैन । नियुक्ति, सरुवा, बढुवा, सार्वजनिक खरिद, ठेक्का तथा बजेट विनियोजनमा राजनीतिक पहुँच र स्वार्थ हावी भयो भने राज्यप्रतिको नागरिक विश्वास कमजोर हुन्छ ।

सरकार परिवर्तन लोकतन्त्रको स्वाभाविक प्रक्रिया हो तर हरेक सरकार परिवर्तनसँगै प्रशासनिक प्राथमिकता, आयोजना र संस्थागत संरचनामा अनावश्यक परिवर्तन हुनु हुँदैन । स्थायी प्रशासनको निरन्तरता र संस्थागत स्मृति सुशासनका लागि अत्यावश्यक हुन्छ । राजनीतिक नेतृत्व तहबाट आएका गैरकानुनी आदेश र निर्देशन पालना गर्नुपर्ने कर्मचारीको कर्तव्य हुन सक्दैन । दण्ड र पुरस्कारको उपयुक्त व्यवस्था गरिँदा मात्र व्यावसायिक प्रशासनको विकास हुन्छ । सबैभन्दा महत्वपूर्ण कुरा, भ्रष्टाचार नियन्त्रणको अभियान तल्लो तहका कर्मचारीमाथि मात्र केन्द्रित हुनु हुँदैन । राजनीतिक नेतृत्वले स्वयम् उदाहरण प्रस्तुत नगरेसम्म प्रशासनलाई मात्र नैतिकताको पाठ पढाउनुको कुनै उपादेयता रहँदैन ।

लोकतन्त्रमा सरकारलाई प्रश्न गर्नु सरकार विरोधी कार्य होइन । यो लोकतान्त्रिक उत्तरदायित्वको महत्वपूर्ण अभ्यास हो । सामाजिक अभियन्ताले सार्वजनिक खर्च, विकास आयोजना, वातावरण, मानव अधिकार, शिक्षा, स्वास्थ्य र सामाजिक न्यायक्षेत्रमा सरकारलाई जवाफदेही बनाउन सक्छन् तर सामाजिक सक्रियता .. (गोपबाट)

संस्कृति, कला, बाल संशार



रैथानेबाली संरक्षण, संवर्धन र प्रवर्धनमा ध्यान दिनु आवश्यक छ ।

# पत्रकारितामाथिको आक्रमण खतरा

सुस्केरा समाचारदाता

इटहरी, भदौ । नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले पत्रकारितामाथिको आक्रमण लोकतन्त्रका लागि समेत गम्भीर चुनौती भएको बताउनु भएको छ ।

शनिबार इटहरीमा नेपाल प्रेस युनियन सुनसरीको १० औं अधिवेशनलाई सम्बोधन गर्ने क्रममा उहाँले लोकप्रियतावादबाट तानाशाहको जन्म हुनसक्ने भन्दै पछिल्लो राजनीतिक अवस्थाप्रति संवेदनशील बन्नुपर्ने बताउनु भएको हो ।

उहाँले लोकतन्त्र प्राप्तिका लागि जीवन समर्पण गरेका पुस्ताको योग दानलाई बेवास्ता गर्दा मुलुक गलत दिशातर्फ जानसक्ने बताउनु भयो । मुलुक अन्तर्राष्ट्रिय शक्तिहरूको 'क्रीडास्थल' बन्ने खतरा बढेको भन्दै उहाँले राष्ट्र, राष्ट्रियता र त्यससँग जोडिएका भावनाप्रति संवेदनशील हुनुपर्ने धारणा राख्नु भयो । अघिल्लो समयको दुई तिहाइको राजनीतिक शक्तिले गरेको व्यवहारकै कारण अहिलेको अवस्था सिर्जना भएको उहाँको भनाइ थियो । उहाँले अहिले प्राप्त भएको दुई तिहाइलाई पनि विगतको जस्तै सामान्य रूपमा नलिई गम्भीर र जिम्मेवार ढंगले अघि बढ्नुपर्ने बताउनु भयो ।

आङ्देम्बेले सञ्चारमाध्यमले पाउने विज्ञापनमा भइरहेको कटौतीप्रति समेत दुःख व्यक्त गर्नु भयो । उहाँले प्रेस स्वतन्त्रता कमजोर पार्ने कुनै पनि गतिविधिले लोकतन्त्रलाई नै संकटमा पार्ने बताउनु भयो ।

प्रेस काउन्सिल विधेयक तथा प्रेससँग सम्बन्धित कानुन निर्माण गर्दा सरोकारवालासँग पर्याप्त संवाद गर्नुपर्नेमा उहाँले जोड दिनु भयो । उहाँले सञ्चार क्षेत्रसँग सम्बन्धित कानुन निर्माणमा पत्रकार, सञ्चारमाध्यम र अन्य सरोकारवालाको सहभागिता सुनिश्चित गर्न आग्रह गर्नु भयो । प्रेस स्वतन्त्रता पहिलो सर्त हो ।

## सामान्य ज्ञान ४९

१. लेबर पार्टीका पूर्वनेता केयर स्टारमरको बहिर्गमनपछि बेलायतको नयाँ प्रधानमन्त्रीका रूपमा कसलाई नियुक्त गरियो ?

☐ एन्डी बर्नह्याम

- सन् २०२६ जुलाई २० मा नियुक्त ।

२. अन्तर्राष्ट्रिय क्रिकेटमा सबैभन्दा कम उमेरमा अर्धशतक प्रहार गर्ने खेलाडीको कीर्तिमान कायम गर्न सफल क्रिकेटर को हुन् ?

☐ वैभव सूर्यवंशी (भारत)

- सन् २०२६ जुलाईमा जिम्बाब्वेविरुद्धको टी-२० अन्तर्राष्ट्रिय खेलमा १५ वर्ष ११८ दिनको उमेरमा अर्धशतक प्रहार गर्दै सूर्यवंशीले नयाँ कीर्तिमान बनाएका ।
- यसअघि यो रेकर्ड नेपालका कुशल मल्लको नाममा थियो । मल्लले सन् २०२० मा अमेरिकाविरुद्धको एकदिवसीय खेलमा १५ वर्ष ३४० दिनको उमेरमा अर्धशतक प्रहार गरेर विश्व कीर्तिमान बनाएका थिए ।
- सूर्यवंशीले कुशल मल्लको छ वर्ष पुरानो रेकर्डलाई करिब सात महिनाको उमेर अन्तरले पछि पारेका ।

३. अन्तर्राष्ट्रिय प्रतिष्ठित युरो मनी अवार्ड्स फर एक्सिलेन्स, २०२६ अन्तर्गत तीन विधामा सम्मानित हुन सफल नेपाली बैङ्क कुन हो ?

☐ नबिल बैङ्क लि.

- बैङ्कले 'नेपाल बेस्ट बैङ्क', 'नेपाल बेस्ट बैङ्क फर इएसजी' र 'नेपाल बेस्ट बैङ्क फर एसएमई' उपाधि प्राप्त गरेको ।

# लोकतन्त्रको क्षयीकरण कसरी हुँदैछ ?

- गेजा शर्मा वाग्ले

..... सफलता र उदार लोकतन्त्रवादीहरूको असफलताले लोकतन्त्रको भविष्यमाथि नै प्रश्नचिह्न खडा भएको छ ।

संवैधानिक प्रक्रियाद्वारा निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्रीहरूको सर्वसत्तावादी चरित्रका कारण लोकतान्त्रिक मूल्य-मान्यता अतिक्रमण गर्ने प्रवृत्ति विश्वव्यापी रूपमा नै बढ्दै गइरहेको फेहरिस्तले लोकतन्त्र पतनोन्मुख भएको पुष्टि भएको छ । अमेरिका र युरोपका देशहरूमा पनि आवरणमा लोकतान्त्रिक प्रणाली अनुसरण गरिएको छ । तर उक्त प्रणाली क्रमिक रूपमा अनुदारवादी दिशातर्फ उन्मुख हुँदै गइरहेको छ । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्प, टर्कीका राष्ट्रपति रिसेप तायियप इदोगान, अनुदारवादी लोकतन्त्रका प्रवक्ता हंगेरीका पूर्वप्रधानमन्त्री भिक्टर ओरबान (गत जुनमा भएको निर्वाचनमा पराजित भए) जस्ता उग्रराष्ट्रवादी तथा पपुलिस्टहरूको विजय र युरोपियन युनियनबाट छुट्टिने बेलायतको जनमत संग्रहको आश्चर्यजनक परिणामपछि लोकतन्त्रलाई गम्भीर धक्का लागेको विश्लेषण गरेका छन् । लिभित्स्की र जिबलटको निष्कर्ष छ- ' शीतयुद्धकालीन साम्यवाद, फाँसीवाद, सर्वसत्तावाद, अधिनायकवाद, सैन्य शासन तथा एकदलीय तानाशाह अहिलेको चुनौती होइन । पपुलिजम, उग्रराष्ट्रवाद, भूमण्डलीकरणको विरुद्ध संरक्षणवाद, अनुदारवाद, जातिवाद र निर्वाचित सर्वसत्तावाद लोकतन्त्रका प्रमुख चुनौतीहरू हुन् ।' उनीहरूले व्यंग्यात्मक तर्क तथा प्रश्न गरेका छन्, अहिले कतै मतपत्रमा नै लोकतन्त्रको पराजय लेखिएको त छैन ? स्मरणीय छ, अहिले म्यानमार, बुर्किना फासो, नाइजर, सुडान, मालीलगायत करिब १० देशमा सैन्य शासन छ भने चीन, उत्तर कोरिया, क्युबा, भियतनाम, लाओस गरी पाँच देशमा मात्रै कम्युनिस्ट सत्ता छ ।

लिभित्स्की र जिबलटले मात्रै होइन, लोकतन्त्रका बारेमा विगत तीन दशकदेखि गहन अध्ययन-अनुसन्धानमा संलग्न स्ट्यानफोर्ड विश्वविद्यालयका प्राध्यापक ल्यारी डाइमण्डले पनि सन् २०१५ मा 'डेमोक्रेसी इन डिक्लाइन' नामक पुस्तकमा ह्रासोन्मुख लोकतन्त्रका बारेमा तथ्य र तथ्यांकसहित विश्लेषण गरेका छन् । यसैगरी हार्वर्ड विश्वविद्यालयका अर्का प्राध्यापक यश्चा माउन्कले पनि सन् २०१८ मा प्रकाशित 'दी पिपुल भर्सेज डेमोक्रेसीः ह्वाई आवर फ्रिडम इज इन डेन्जर एन्ड हाउ टु सेभ इट' नामक पुस्तकमा पपुलिजम, उग्रराष्ट्रवाद र अतिवादका कारणले लोकतन्त्र असफल हुँदै गएको निष्कर्ष निकालेका छन् । स्विडेनको गोथेनगर्ब विश्वविद्यालयद्वारा प्रकाशित डेमोक्रेसी इन्डेक्स, २०२६ का अनुसार पनि उदार लोकतन्त्र, बहुलवादी समाज, विधिको शासन र मानवअधिकारका लागि जटिल चुनौतीहरू सिर्जना भएका छन् । उक्त इन्डेक्सअनुसार अहिले ४४ देशमा लोकतन्त्र क्रमिक रूपमा क्षयीकरणतर्फ उन्मुख भइरहेका छन् । यसैगरी सन् २००० पछि लोकतान्त्रिक क्षयीकरणमा परेका देशको संख्या ८५ पुगेको छ ।

संवैधानिक प्रक्रियाद्वारा निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्रीहरूको सर्वसत्तावादी चरित्रका कारण लोकतान्त्रिक मूल्य-मान्यता अतिक्रमण गर्ने प्रवृत्ति विश्वव्यापी रूपमा नै बढ्दै गइरहेको फेहरिस्तले लोकतन्त्र पतनोन्मुख भएको पुष्टि भएको छ ।

अमेरिकी लोकतन्त्रका समस्या सबैभन्दा पुरानो र समृद्ध अमेरिकी लोकतन्त्रलाई तेस्रो विश्वमा लोकतन्त्रको उच्चतम मानकका रूपमा चित्रित गरिन्छ । विशेषगरी नेपालमा अमेरिकालाई उत्कृष्ट लोकतान्त्रिक देश र अभ्यासका रूपमा व्याख्या र चित्रित गरिन्छ । तर लिभित्स्की र जिबलटले अमेरिकी लोकतन्त्रका अन्तर्निहित समस्या र सामना गरिरहेका चुनौतीका बारेमा लामो फेहरिस्त प्रस्तुत गरेका छन् । सन् १७७६ जुलाई ४ मा बेलायतबाट स्वतन्त्र भएपछि लोकतान्त्रिक प्रणाली अनुसरण गरे पनि अमेरिकी इतिहास आरोह-अवरोहपूर्ण छ । सन् १८६१ देखि १८६५ सम्म गृहयुद्ध, दक्षिणका ७ राज्यहरू (साउथ क्यारोलिना, लुजिआना, टेक्सास, मिसिसिपी, फ्लोरिडा, जर्जिया र अलाबामा) अमेरिकाबाट विभाजित भएको घोषणा, कार्यपालिका र न्यायपालिकाबीचको विवाद र द्वन्द्व जस्ता घटनाक्रमले लोकतान्त्रिक कालखण्ड पनि विवादित नै छ । स्वतन्त्र भएपछि नै लोकतान्त्रिक प्रणाली अनुसरण गरिए पनि सन् १९६५ देखि लोकतन्त्रका सार्वभौम मूल्य-मान्यताहरूलाई स्वीकार गरेपछि मात्रै अमेरिकी प्रणाली पूर्ण लोकतान्त्रिक भएको विचार व्यक्त गरेका छन् । अझ विडम्बनापूर्ण तथ्य त के छ भने स्वतन्त्र भएको १३० वर्षपछि सन् १९१९ मा मात्रै अमेरिकामा महिलाले मताधिकार पाएका थिए ।

अमेरिकी श्वेत राष्ट्रवादको नाराका आधारमा निर्वाचित भएका दक्षिणपन्थी पपुलिस्ट डोनल्ड ट्रम्पले शृंखलाबद्ध रूपमा संवैधानिक तथा लोकतान्त्रिक संस्थाहरूमाथि निरन्तर आक्रमण गरिरहेका छन् । तर अमेरिकामा स्वतन्त्र न्यायपालिका र प्रेसमाथि अहिले ट्रम्पले मात्रै होइन, विगतमा फ्र्याक्लिन डिल्यानो रुजवेल्ट र रिचर्ड निक्सनलगायत अन्य राष्ट्रपतिहरूले पनि आक्रमण गरेको वास्तविकता लेखकद्वयले सार्वजनिक गरेका छन् । यसरी राष्ट्रपतिले नै न्यायपालिकामाथि आक्रमण गरेपछि शक्ति पृथकीकरण र स्वतन्त्र न्यायालयको अस्तित्वबारे गम्भीर प्रश्नचिह्न खडा भएको छ । ट्रम्पले स्वतन्त्र न्यायपालिका र प्रेसमाथि गरेको आक्रमण ...... (ईकान्तिपुरबाट)


## बालअधिकार प्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको सुनिश्चित गरौं गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

जगदुल्ला गाउँपालिका, डोल्पा

## भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भूकम्पले
- घर, पुल तथा अन्य संरचना भत्कना सक्दछ ।
- विधुत तथा टेलिफोन सेवा अवरोध हुन सक्छ ।
- बाढि पहिरो तथा आगलागिको जोखिम भई धनजनको क्षति हुन सक्दछ ।

त्यसैले
- घर, पुल तथा अन्य संरचना बनाउदा भूकम्प प्रतिरोधि बनाऔं ।
- घर वरिपरि तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

## युवा सशक्तिकरण गरौं

युवा सशक्तिकरण किन :
- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सेचत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट बनाउन ।

डोल्पोबुद्ध गाउँपालिका, डोल्पा

## भू-संरक्षण गरौं ।

भू-संरक्षणका उपायहरु :
- गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- खेती गर्दा गहरा बनाइ गरौं,
- भूक्षय रोक्ने रुख, घाँस जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टी, बालुवा, माटो, ढुंगा उत्खनन नगरौं,
- सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- पानी संरक्षणका उपायहरु अपनाऔं,
- स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

काइके गाउँपालिका, डोल्पा

# विपद् व्यवस्थापनमा स्थानीय सरकारको अग्रसरता

- ज्योति शर्मा

विपद् व्यवस्थापन स्थानीय सरकार को अतिरिक्त जिम्मेवारी होइन, यो स्थानीय शासन र सुरक्षित विकासको अभिन्न अंग हो । स्थानीय सरकार को विपद् व्यवस्थापनको दृष्टिकोण 'विपद् आएपछि राहत दिने' बाट 'विपद् आउनुअघि जोखिम घटाउने' दिशातर्फ रूपान्तरण गर्न सक्नुपर्छ ।

बाढीपहिरो, भूकम्प र जलवायुजन्य जोखिम बढ्दै गएकाले स्थानीय सर कारको विपद् व्यवस्थापनमा अग्रसर ता झन् आवश्यक बनेको छ ।

स्थानीय तहले जोखिम पहिचान, पूर्वसूचना, पूर्वतयारी, उद्धार तथा पुनर्निर्माणलाई विकास योजनासँग जोड्दै समुदाय, प्रदेश र संघसँग प्रभावकारी समन्वय गर्नुपर्छ ।

राहतमा केन्द्रित दृष्टिकोणबाट जो खिम न्यूनीकरणमा लगानी गर्ने दिशातर्फ अघि बढ्न दक्ष जनशक्ति, पर्याप्त स्रोतसाधन र नियमित अभ्यास सुनिश्चित गर्न आवश्यक छ ।

पाँच वर्षयता धेरै जनधनको क्षति भएका बाढीपहिरोका घटना भदौ अन्तिम साता, असोज र कात्तिक महिनामा भएका छन् । नेपालमा साधारणतया बर्खा सकिने बेला भएका यी क्षतिबाट मौसममा बिस्तारै परि वर्तन भइरहेको र बाढीपहिरोबाट हुने जोखिम बढिरहेको प्रस्ट हुन्छ । बाढीपहिरो मात्र नभई भूकम्प, आगला गी, शीतलहर, हिमताल विस्फोट, हिमपहिरो, शीतलहर, लु, बर्डफ्लु, महामारी, चट्याङ, सडक दुर्घटना जस्ता प्रकोपको जोखिम बर्सेनि बढ् दो छ ।

पाँच वर्षअघि गृह मन्त्रालयले सार्वजनिक गरेको एक अध्ययनअनुसार भूकम्पीय जोखिम हेर्दा नेपाल ११औं, बाढीजन्यमा ३०औं र जलवायुजन्यमा चौथो स्थानमा छ । नेपालले विपद् जो खिम व्यवस्थापनमा समयमै गम्भीर नहुने हो भने अझ ठूलो विपद्को सामना गर्नुपर्ने अवस्था आउन सक्छ ।

नेपालको संविधानले राज्य शक्ति संघ, प्रदेश र स्थानीय तहमा विभाजन गरेको छ । संविधानको अनुसूची-८ अन्तर्गत विपद् व्यवस्थापन स्था नीय तहको अधिकार क्षेत्रभित्र रहेको छ भने अनुसूची-९ अन्तर्गत विपद् व्यवस्थापनलाई संघ, प्रदेश र स्था नीय तहको साझा अधिकारका रूपमा व्यवस्था गरिएको छ ।

विपद्पछि नागरिकले सबैभन्दा पहिले सम्पर्क गर्ने सरकार स्थानीय सरकार नै हो । स्थानीय जनप्रतिनिधि, वडा कार्यालय, स्थानीय प्रशासन, प्रहरी, स्वास्थ्य संस्था, दमकल, स्वयंसेवक, सामुदायिक संस्था तथा स्थानीय

आपत्कालीन संयन्त्र विपद्को प्रार म्भिक प्रतिकार्यका प्रमुख आधार हुन् ।नेपालमा संघीय शासन प्रणाली कार्यान्वयनमा आएपछि स्थानीय सर कार नागरिकको सबैभन्दा नजिकको सरकार हो । संविधानले स्थानीय सर कारलाई अधिकार, जिम्मेवारी र स्रो तसहितको सरकारसँगै जनताको दै निक आवश्यकता र चाहनाको सम्बो धन मात्र नभई स्थानीय विकास, प्राकृतिक स्रोत तथा साधनको संरक्षण, वातावरणीय व्यवस्थापन र विपद् जो खिम न्यूनीकरण तथा व्यवस्थापनको जिम्मेवारी पनि दिएको छ । विशेषगरी जलवायु परिवर्तन, तीव्र सहरीकरण, अव्यवस्थित भू-उपयोग र पूर्वाधार विस्तारसँगै विपद्को जोखिम तथा स्वरूपमा परिवर्तन आइरहेको वर्तमान अवस्थामा स्थानीय सरकारको भूमिका झन् महत्त्वपूर्ण बन्दै गएको छ ।

विपद् व्यवस्थापन अब केवल बाढी, पहिरो वा भूकम्प आएपछि उद्धार र रा हत वितरण मात्र रहेन । यसको पहिचा न, जोखिम न्यूनीकरण, पूर्वतयारी, पूर्वसूचना, प्रतिकार्य, राहत, पुनर्लाभ, पुनःस्थापना तथा पुनर्निर्माणलाई स्था नीय विकास प्रक्रियासँग एकीकृत गदै र विपद् उत्थानशील स्थानीय समुदाय र सुरक्षित स्थानीय पूर्वाधार निर्माणको पूरा चक्रमा काम गर्नुपर्ने आवश्यकता छ ।

स्थानीय सरकार सञ्चालन ऐ न, २०७४ ले स्थानीय सरकारलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य यो जना निर्माण गर्ने, जोखिमयुक्त क्षे त्रको पहिचान तथा नक्सांकन गने र, जोखिममा रहेका बस्तीको संर क्षणलगायत कार्यमा समन्वय गने र, विपद् व्यवस्थापनसम्बन्धी तथ्यांक व्यवस्थापन गर्ने तथा संघ, प्रदेश, स्थानीय समुदाय, गैरसरकारी संस्था र निजी क्षेत्रसँग सहकार्य गर्नुपर्ने व्यवस्था गरेको छ ।

स्थानीय सरकार : विपद्पछि नागरि कको पहिलो सम्पर्क निकाय

विपद्पछि नागरिकले सबैभन्दा पहिले सम्पर्क गर्ने सरकार स्थानीय सरकार नै हो । स्थानीय जनप्रतिनिधि, वडा कार्यालय, स्थानीय प्रशासन, प्रहरी, स्वास्थ्य संस्था, दमकल, स्वयंसेवक, सामुदायिक संस्था तथा स्थानीय आप त्कालीन संयन्त्र विपद्को प्रारम्भिक प्रतिकार्यका प्रमुख आधार हुन् । विपद् को समयमा स्थानीय सरकारले आप त्कालीन सञ्चालन केन्द्र सक्रिय गने र, जोखिममा रहेका नागरिकलाई सुर क्षित स्थानमा स्थानान्तरण गर्ने, खो ज तथा उद्धार टोली परिचालन गर्ने, प्राथमिक उपचार तथा आपत्कालीन स्वास्थ्य सेवा उपलब्ध गराउने, राहत सामग्री व्यवस्थापन तथा वितरण गर्ने, सुरक्षित आश्रयस्थलको व्यवस्था गने र अत्यावश्यक सार्वजनिक सेवा पुनः सञ्चालन गर्न नेतृत्व गर्नुपर्छ ।

स्थानीय सरकारसँग कसले के गर्ने, कुन स्रोत कहाँ उपलब्ध छ, कुन स्थान सुरक्षित छ र कसरी सूचना प्रवाह गर्ने भन्ने विषयमा पूर्वनिर्धारित योजना हुनु अत्यावश्यक छ । विपद्पछि योजना बनाउनुभन्दा विपद् आउनुअघि नै अभ्यास गरिएको योजना कार्यान्वयन गर्नु प्रभावकारी हुन्छ ।

स्थानीय सरकारले आफ्नो भौगोलिक अवस्था र जोखिमअनुसार स्थानीय विपद् जोखिम प्रोफाइल तयार गर्नुपने र्हुन्छ । कुन वडा बाढीको जोखिममा छ, कहाँ पहिरोको सम्भावना छ, कुन बस्ती भूकम्पीय जोखिममा छ, कुन विद्यालय वा स्वास्थ्य संस्था सुरक्षित छन्, कहाँ खुला स्थान उपलब्ध छ, कहाँ दमकल वा उद्धार उपकरण र ाख्न सकिन्छ तथा विपद्को समयमा कुन मार्ग वैकल्पिक रूपमा प्रयोग गर्न सकिन्छ भन्ने विवरण ... (ईकान्तिपुर)


खाना खानु अघि, शौचालय गए पछि,
खेतबारीमा काम गरिसके पछि
मिचिमिचि साबुन पानीले हात धुन नभुलौं
खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय
दुनै, डोल्पा



## भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढि क्षति हुन्छ ।
- घर जस्ता संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधि बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र घर बनाऔं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्व तयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावि भाग्ने र दौडने नगरौं ।
- धैर्यतापूर्वक वाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अप्ठेरो परेकालाई सहयोग गरौं ।

ठुलीभेरी नगरपालिका, डोल्पा



## शिक्षासम्बन्धी संवैधानिक हक

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत शिक्षामा पहुँच हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ ।
- अपांगता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
- ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- प्रत्येक समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा



## आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।

- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं ।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछाडौं ।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा


सके सपारौं, नसके नबिगारौं

# कर्णाली : समृद्धितर्फ अग्रसर

- धीरेन्द्रप्रसाद शर्मा

भदौ ४ गते । यो मिति हरेक वर्ष कर्णालीको छातीमा उही एउटा प्रश्न बोकेर फर्कन्छ 'हामी कहाँबाट हिँडेका थियौँ र अहिले कहाँ पुगेका छौँ ?' ११ वर्षअघि यही दिन हिमाल, नदी र सहिदको रगतले लेखिएको एउटा भूगोलले आफ्नो नाम पायो कर्णाली । यो नाम कुनै प्रशासनिक कलमको कागजी उपज मात्र थिएन, कर्णालीवासीले बुलन्द गरेको ऐतिहासिक आन्दोलन र महान् सहिदको रगतले भिजेको सडकबाट उदाएको सामूहिक सपना थियो । संविधानले सुरुमा सुदूरपश्चिमसँगै जोड्न खोजेको कर्णाली प्रदेशका १० जिल्ला नागरिकको अटल जिद्दीले आफ्नै पहिचान माग्यो र त्यही जिद्दीबाट आज हामी उभिएको यो कर्णाली जन्मियो ।

यो नामकरणको यात्रा सहज थिएन । दशकौंसम्म नक्सामा एउटा कुनाको रूपमा मात्र चिनिएको यो भूभागले आफ्नै परिचय, आफ्नै स्वर र आफ्नै शासकीय अस्तित्व खोज्दा धेरै आँसु र धेरै रगत बगाएको इतिहास छ । 'कर्णाली' शब्दमा त्यसैले केवल एउटा नदीको नाम मात्र होइन, एउटा सिङ्गो जातिको आत्मसम्मानको सङ्घर्ष छ । स्थापना दिवस त्यसैले उत्सवभन्दा बढी सम्झना र प्रतिबद्धताको दिन बन्न पुग्छ, जहाँ हरेक कर्णालीवासीले आफूलाई एक पटक फेरि त्यही आन्दोलनको सेरोफेरोमा उभ्याएर हेर्नु पर्छ । कर्णाली प्रदेश स्थापना भएको दिन हरेक वर्ष आफैँलाई ऐनाअगाडि उभ्याएर सोध्ने दिन हो । सहिदले देखेको सपना कति टाढा छ, कति नजिक आयो ? यही प्रश्नले कर्णालीको कथालाई दुई फरक धारमा उभ्याइदिन्छ । एउटा धार हो अभाव, दुर्गमता र पछौटेपनको पुरानो चित्र । अर्को धार हो हिमाल, नदी, जडीबुटी, संस्कृति र नागरिक चेतनाले भरिएको सम्भावनाको भूगोल जुन अझै पूरै उजागर हुन बाँकी छ । कर्णालीको वास्तविक सत्य यी दुई धारबिचमा कतै लुकेको छ र त्यसैलाई पहिल्याउनु आजको दिनको वास्तविक कर्तव्य हो ।

तथ्यले आफ्नै भाषामा यो कथा सुनाउँछ । राष्ट्रिय जनगणना-२०७८ अनुसार कर्णालीको साक्षरता दर ७६.१ प्रतिशत पुगिसकेको छ । यस प्रदेशका सबै जिल्ला साक्षर घोषणा भइसकेका छन् । एक दशकअघिको तस्बिरभन्दा निकै फरक सङ्केत तर आर्थिक, विकास, शिक्षा, स्वास्थ्यलगायत हरेक सूचकमा कर्णाली अझै मुलुककै सबैभन्दा कमजोर तहमा सीमित हुनुले परिवर्तनको गति कति सुस्त छ भन्ने पनि उत्तिकै छर्लङ्ग पार्छ ।

यही विरोधाभासलाई नजिकबाट हेर्ने हो भने अर्को तस्बिर पनि देखिन्छ । सडक सञ्जाल विस्तार भएको छ तर गुणस्तर र स्थायित्वको प्रश्न उत्तिकै टड्कारो छ । विद्यालय र शिक्षक पर्याप्त छन् तर विद्यार्थी गाउँबाट सहरतिर बसाइँ सरिरहेका छन् । स्वास्थ्य चौकी थपिएका छन् तर विशेषज्ञ जनशक्तिको अभाव अझै कायमै छ । महिला सुत्केरी हुँदा हेलिकोप्टर चार्टर गर्नुपर्ने तितो यथार्थ छ । स्थानीय तहले आफ्नै बजेट र योजना बनाएर कार्यान्वयन गरिरहेका छन् तर प्राविधिक क्षमता र दक्ष जनशक्तिको सीमितताले ती योजना कार्यान्वयनमा प्रायः अलपत्र छन् । यसरी हेर्दा कर्णालीको समस्या स्रोतको मात्र होइन, स्रोत परिचालनको क्षमता र संस्थागत निरन्तरताको पनि हो ।

पहाड अग्लो छ, बस्ती छरिएका छन्, सडक महँगो छ । यो सत्य हो, यसलाई नकार्न मिल्दैन तर भूगोललाई नियति ठान्नेबित्तिकै त्यो प्रश्नको जवाफ बन्दैन । संसारभरि यस्तै कठिन उचाइ र दुर्गमसँग जुध्दै स्विट्जरल्यान्ड, भुटान वा नेपालकै केही पहाडी क्षेत्रले प्रविधि, लक्षित लगानी र नवीन शासकीय ढाँचाको सहाराले आफ्नै किसिमको समृद्धि पहिल्याएका छन् । यसको अर्थ के हो भने कर्णालीको सीमा भूगोलले होइन, हामीले त्यो भूगोलमाथि लागु गरेको योजनाको कल्पनाशीलताको कमीले तय गरेको छ । विषम भूबनोटलाई पर्यटन र जलविद्युत्को सम्भावनाका रूपमा उपयोग गर्न सकिन्छ भने छरिएका बस्तीलाई डिजिटल सेवा र टेलिमेडिसिनमार्फत जोड्न सकिन्छ । त्यस्तै विद्यालय शिक्षा पूर्ण रूपमा आवासीय ढाँचाबाट प्रदान गर्न सकिन्छ । समस्या भूगोलमा होइन, त्यो भूगोललाई साँचो अर्थमा बुझेर योजना बनाउने राजनीतिक इच्छाशक्तिमा हो ।

राराताल र से फोक्सुन्डो मात्र प्राकृतिक दृश्य होइनन्, ती अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्य बन्न सक्छन् । सिँजा उपत्यका नेपाली भाषा र सभ्यताको जीवित स्मृति हो । जुम्ली मार्सी चामल कर्णालीकै पहिचान बन्न सक्छ । दैलेख प्रसिद्ध धार्मिक स्थलको केन्द्र र ग्यास उत्पादनको प्रचुर सम्भावना बोकेको नेपालको आर्थिक रूपान्तरणको महत्वपूर्ण आधार बन्न सक्छ । जुम्ला, हुम्ला र डोल्पाको स्याउ उत्पादनले नेपालको कृषिक्षेत्रलाई आधुनिकीकरण, बजारीकरण र विविधीकरणमा रूपान्तर गर्न सक्छ । हिमालमा पाइने यार्चागुम्बा जस्ता जडीबुटीले आयुर्वेदको क्षेत्रमा अकल्पनीय गन्तव्य तयार पार्न सक्छ । कच्चा पदार्थलाई प्रशोधन, बजार र ब्रान्डिङसम्म पुऱ्याउने साहस र योजना बन्नु पर्छ ।

सडक र भवनले मात्र भविष्य बन्दैन । समग्र शिक्षाको गुणस्तर, ...... (गोप)

KIRDARC
...together for social justice

## किर्डाक नेपाल,डोल्पा
## सूची दर्ता गराउने सम्बन्धी सूचना

यस किर्डाक नेपाल डोल्पाका लागि आ.व. २०८३/०८४ अर्न्तगत संन् २०२६ र संन् २०२७ का लागि आवश्यक पर्ने विभिन्न खरिद सम्बन्धी सुचनाको अभिलेख राख्नु पर्ने भएको हुँदा निम्नानुसार योग्यता पुगेका तपशिल बमोजिमको सामान सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र शाखा कार्यालय डोल्पामा कार्यालय समयमा सुचीकृत हुन निबेदन दिन सक्ने गरि यो सुचना आह्वान गरिएको छ ।

आपुर्ति गर्नुपर्ने सामान तथा सेवाहरुको समुहगतको विवरण
१. स्टेशनरी सामाग्री आपुर्ति
२. होटल सेवा ( सेमिनार /गोष्ठि ) संचालन गर्न
३. कुरियर र ढुवानी (कार्गो) सेवा कर्णाली प्रदेश देखि आतेजाते, वीरेन्द्रनगर सुर्खेत, छिन्चु, नेपालगंज तथा काठमाण्डौको लागी
४. सवारी साधन भाडामा उपलब्ध गराउन
५. फोटोग्राफी र भिडियो वृत्तचित्र निर्माण
६. प्रिंट तथा फोटोकपी काटेज, टोनर
७. कम्प्यूटर, ल्यापटप, ल्यापटप चार्जर, ल्यापटप ब्याट्री, हार्ड डिक्स, साउण्ड सिस्टम, बिजुली बत्ति, प्रिन्टर तथा अन्य विधुतीय उपकरणहरु मर्मत
८. कम्प्यूटर, प्रिन्टर तथा अन्य इलेक्ट्रोनिक सामाग्रीहरु उपलब्ध गराउने
९. फर्निचर सामाग्रीहरु उपलब्ध तथा मर्मत गराउने
१०. सुचना तथा संचार (रेडियो एफ एम, पत्र पत्रिका, अनलाईन )
११. होर्डिङ्ग बोर्ड ,ब्यानर , फल्याक्स प्रिन्ट ,भित्ते लेखन कार्य
१२. छपाई सम्बन्धि कार्य
१३. कार्पेट, पि-फर्म, चियर कुसन, डोर म्याट सामाग्री आपुर्ति
१४. स्कुल ड्रेस, फेन्सी कपडा सामाग्री आपुर्ति
१५. सोलार सिस्टम सामाग्री आपुर्ति
१६. हार्डवयर सामाग्री आपुर्ति

योग्यता निर्धारणका लागि पेश गरिएका आधारहरु :
आपुर्तीकर्ता, सेवा प्रदायक ब्यबसायीहरुको कार्य अनुभब १ वर्ष हुनुपर्ने र निबेदनमा कुन सामान तथा सेवा आपुर्ती गर्न ईच्छुक भएको खुलाउनु पर्ने ।

निबेदनको साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :
१. **PAN/VAT** दर्ताको प्रमाण पत्र ।
२. आर्थिक बर्ष २०८२/०८३ को कर चुक्ता प्रमाण पत्र ।
३. व्यवसाय दर्ता तथा नबीकरणको प्रमाण पत्र ।
४. सहि छाप सहितको **COI & Child Safeguarding Policy** र स्व घोषणा पत्र ।

विस्तृत जानकारी तथा फर्मको लागी डोल्पा जिल्ला स्थित कार्यालयमा सम्पर्क गर्नुहोला ।
कर्णाली एकीकृत ग्रामीण बिकास तथा अनुसन्धान केन्द्र (किर्डाक) नेपाल,
जिल्ला कार्यालय,डोल्पा
फोन नं: ९८४८१८९९८८

# जडीबुटीदेखि कूटनीतिसम्म

- डा.मदनकुमार पौडेल

........ विश्वसामु उदाहरण प्रस्तुत गरेको छ। प्राकृतिक स्रोतलाई उच्च मूल्यका औषधी, स्वास्थ्य सामग्री र पोषणजन्य उत्पादनमा रूपान्तरण गने क्षमता जापानको ठूलो विशेषता हो। नेपालले सिक्नुपर्ने पाठ पनि यही हो-स्रोतलाई उत्पादनमा, उत्पादनलाई ब्रान्डमा र ब्रान्डलाई विश्व बजारमा कसरी पुऱ्याउने।

जापानको अर्को विशेषता भनेको वृद्ध हुँदै गएको जनसङ्ख्या र स्वास्थ्यप्रति बढ्दो सचेतना हो। दीर्घायु समाज निर्माणसँगै त्यहाँ प्राकृतिक स्वास्थ्य सामग्री, कार्यात्मक खाद्य, पोषणजन्य उत्पादन तथा वनस्पतिमा आधारित औषधीप्रतिको रुचि निरन्तर बढिरहेको छ। रोग लागेपछि उपचार गने भन्दा रोग लाग्न नदिने जीवनशैलीमा जापानी समाजले विशेष जोड दिएको छ। आगामी दशकमा प्रमाणित हर्बल उत्पादनको अन्तर्राष्ट्रिय माग अझ विस्तार हुने अपेक्षा गरिएको छ। यस्तो बजारमा नेपालको सहभागिता सम्भव छ तर त्यसका लागि वैज्ञानिक विश्वसनीयता अनिवार्य छ।

नेपालसँग जैविक विविधता छ, जापानसँग अनुसन्धान र प्रविधि छ। नेपालसँग दुर्लभ हिमाली जडीबुटी छन्, जापानसँग तिनलाई विश्व बजारमा प्रतिस्पर्धी उत्पादनमा रूपान्तरण गर्ने अनुभव छ। यी दुवै पक्षको संयोजनले केवल व्यापारिक सम्बन्धलाई होइन, अनुसन्धान, शिक्षा, सार्वजनिक स्वास्थ्य र नवप्रवर्तनलाई नयाँ उचाइमा पुऱ्याउन सक्छ। यही सहकार्य नै हर्बल कूटनीतिको वास्तविक सार हो।

मेरो आफ्नै अनुसन्धान यात्राले पनि यस सम्भावनालाई नजिकबाट बुझ्ने अवसर दिएको छ। जापानको क्युसु विश्वविद्यालयमा अनुसन्धानका क्रममा औषधीय वनस्पतिमा रहेका सक्रिय जैविक यौगिकको गुणस्तर परीक्षण र प्रमाणीकरणका लागि आधुनिक जैविक प्रविधिको प्रयोग गर्ने अवसर प्राप्त भयो। त्यहाँ प्रयोग हुने मोनोक्लोनल एन्टिबडी, इम्युनोएस्से तथा इम्युनो क्रोमाटोग्राफिक प्रविधिले जडीबुटीको गुणस्तर छिटो, सटीक र तुलनात्मक रूपमा कम लागतमा परीक्षण गर्न सकिने सम्भावना देखायो। यस्ता प्रविधि अनुसन्धानका लागि मात्र होइन, उद्योग र बजारका लागि पनि अत्यन्त उपयोगी छन्।

नेपालमा आज पनि जडीबुटीको गुणस्तर, मिसावट, प्रशोधन र प्रमाणीकरणका समस्या विद्यमान छन्। एउटै नाममा फरक गुणस्तरका सामग्री बिक्री हुने, वैज्ञानिक परीक्षणको अभाव रहने तथा अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न कठिन हुने अवस्था छ। यसको प्रत्यक्ष असर निर्यात क्षमता र बजारको विश्वासमा पर्छ। आधुनिक विश्लेषणात्मक प्रविधि प्रयोग गरेर असुरो, गुर्जो, चिराइतो, टिमुर, बोझो, जटामसी वा कुट्की जस्ता नेपाली औषधीय वनस्पतिको गुणस्तर वैज्ञानिक रूपमा प्रमाणित गर्न सकियो भने नेपाली हर्बल उत्पादनको विश्वसनीयता उल्लेखनीय रूपमा बढ्न सक्छ।

यसबाट लाभ अनुसन्धानकर्तालाई मात्र हुने होइन। किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउने छन्, उद्योगले विश्वसनीय कच्चा पदार्थ प्राप्त गर्ने छ, निर्यातकर्ताले अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न सक्ने छन् र उपभोक्ताले सुरक्षित तथा गुणस्तरीय उत्पादन प्रयोग गर्न पाउने छन्। अनुसन्धान, उत्पादन र बजारबिचको दुरी घटाउन सके मात्रै नेपालको हर्बल क्षेत्रले वास्तविक आर्थिक मूल्य सिर्जना गर्न सक्छ। अबको नेपाल-जापान सहकार्य कच्चा जडीबुटीको व्यापारमा सीमित रहनु हुँदैन। संयुक्त अनुसन्धान, प्रविधि हस्तान्तरण, विद्यार्थी तथा अनुसन्धानकर्ताको आदानप्रदान, जैविक प्रविधि विकास, स्वास्थ्य सामग्री उत्पादन, प्राकृतिक सौन्दर्य प्रसाधन, आवश्यक तेल तथा पोषणजन्य उत्पादन विकासमा केन्द्रित दीर्घकालीन साझेदारी निर्माण गर्न आवश्यक छ। यस्तो सहकार्यले दुवै देशलाई आर्थिक रूपमा मात्र होइन, ज्ञान र नवप्रवर्तनको क्षेत्रमा पनि अझ नजिक ल्याउने छ।

साझा संरचना चाहियो

नेपाल-जापान सहकार्यलाई संस्थागत रूप दिन अब केवल परियोजना-आधारित सहयोग पर्याप्त हुँदैन। दीर्घकालीन दृष्टिकोणका साथ अनुसन्धान, प्रविधि विकास र उद्योगलाई एउटै छातामुनि ल्याउने साझा संरचनाको आवश्यकता छ। यसका लागि नेपाल-जापान हिमाली जडीबुटी अनुसन्धान तथा नवप्रवर्तन केन्द्र स्थापना गर्ने विषयमा दुवै सरकारले गम्भीरतापूर्वक विचार गर्नुपर्ने समय आएको छ।

यस्तो केन्द्रले औषधीय वनस्पतिको वैज्ञानिक अनुसन्धान, गुणस्तर प्रमाणीकरण, नयाँ उत्पादन विकास, जैविक प्रविधिको प्रयोग, बौद्धिक सम्पत्ति संरक्षण तथा अनुसन्धानकर्ताको क्षमता विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्छ। विश्वविद्यालय, अनुसन्धान संस्था, निजी क्षेत्र र उद्योगबिच सहकार्यको वातावरण निर्माण गर्दै यसले नेपाललाई केवल कच्चा जडीबुटी निर्यात गर्ने देशबाट ज्ञान र नवप्रवर्तनमा आधारित हर्बल अर्थतन्त्रतर्फ रूपान्तरण गर्न सहयोग पुऱ्याउन सक्छ। विकासको यो यात्रामा संरक्षणको प्रश्नलाई कहिल्यै बेवास्ता गर्न मिल्दैन। जलवायु परिवर्तन, वनविनाश, अव्यवस्थित सङ्कलन र बढ्दो व्यावसायिक दबाबका कारण नेपालका धेरै औषधीय वनस्पति जोखिममा परिरहेका छन्। दुर्लभ हिमाली प्रजातिको प्राकृतिक वासस्थान क्रमशः सङ्कुचित हुँदै गएको छ। आजै दिगो व्यवस्थापनको नीति अवलम्बन गर्न सकिएन भने भविष्यमा अनुसन्धानका लागि स्रोत पनि रहने छैन र उद्योगका लागि कच्चा पदार्थ पनि।

अबको नीति संरक्षण र उपयोगबिच सन्तुलन कायम गर्ने हुनु पर्छ। समुदायमा आधारित संरक्षण, वैज्ञानिक सङ्कलन प्रणाली, व्यावसायिक खेतीको विस्तार, स्थानीय तहको सहभागिता तथा किसानलाई प्रोत्साहन गर्ने नीतिले मात्र दीर्घकालीन सफलता सुनिश्चित गर्न सक्छ। स्थानीय समुदायलाई संरक्षणको साझेदार बनाइएन भने कुनै पनि नीति प्रभावकारी ..... (गापबाट)

गाउँ शहर सफा गरौं, स्वस्थ रहौं, सभ्य बनौं
पृथ्वीको संरक्षणः दिगो प्रकृतिमैत्री जीवनयापन


वनले दिन्छ स्वच्छ वायुः स्वस्थ जीवन दीर्घ आयु
डिभिजन वन कार्यालय दुनै डोल्पा

हाम्रो अनुरोध
① पशुवस्तुलाई नियमित रुपमा ६/६ महिनामा महामारी रोगविरुद्ध खोप लगाई महामारी रोगबाट बचाऔं।
② पशु वस्तुहरुलाई वर्षको दुई पटक ६/६ महिनामा जुका विरुद्धको औषधि खुवाउने बानी बसालौं।
③ पशुपालन व्यवसायलाई व्यवसायीकरण गरी आधुनिक पशुपालनको सुरुवात गरौं।
④ घरपालुवा कुकुरलाई नियमित रुपमा वर्षको एक पटक रेबिज विरुद्ध खोप लगाई जनस्वास्थ्य तथा पशु धनको सुरक्षा गरौं।
⑤ पशुजन्य उत्पादन (दुध, फूल, मासु) बढाउनका लागि पशुवस्तुलाई बाह्रै महिना हरियो र पोषिलो घाँस खुवाऔं।
⑥ नस्लसुधारका लागि उन्नत नस्लका पशुमात्र खरिद गरौं हाडनाता प्रजननबाट जोगाऔं।
⑦ रोगी पशुवस्तुलाई वध नगरौं, रोगी र बिरामी पशुको मासु बिक्री वितरण नगरौं। मानव जीवनको स्वास्थ्यमा ध्यान पुर्याऔं।
⑧ घर, आंगन, गोठ, खोर सधैं सफा राखौं।
⑨ सधैं स्वस्थ र सफा दुध र मासु मात्र बिक्री वितरण गर्ने गरौं।
⑩ पशुजन्य उत्पादन (दुध, फूल, मासुको सेवन बढाउ धुम्रपान मध्यपानको सेवन त्यागौं।
पशु अस्पताल तथा पशु सेवा कार्यालय,
डोल्पा